नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८१ असोज १० गते देखि देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढी, पहिरो तथा डुबानका घटनाहरुबाट जनधन, सडक, पुल, सार्वजनिक तथा नीजि सम्पत्ति, सिंचाई संरचना, बालीनाली, पशुपन्छी, खाद्यान्न, बीउबिजन, गोठ/खोरलगायतका संरचनामा भएको क्षतिप्रति कृषि तथा पशुपन्छी विकास मन्त्रालय दुःख व्यक्त गर्दछ र बिपद्को यस दुःखद घडीमा मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

बिपद्का कारण कृषकहरुको बालीनाली, पशुपन्छी, खाद्यान्न, बीउबिजन, गोठ/खोर लगायतका संरचनामा भएको क्षतिको यकिन गर्न, आवश्यकता अनुसार कृषकहरुलाई प्राविधिक सल्लाह सुझाव उपलब्ध गराउन, खोप, औषधि लगायतका पशु स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्न, कृषिउपजको ढुवानी तथा बजारमा सहज उपलब्धताका लागि सहजीकरण गर्न तथा बजार अनुगमन लगायतका कार्यहरु तीव्रताका साथ अघि बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मातहतका निकायहरुलाई आवश्यक निर्देशन दिइएको छ। साथै प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय एवं मातहतका निकायहरु र सम्बन्धित स्थानीय तहका कृषि विकास/पशुसेवा शाखाहरुबाट भइरहेका प्राविधिक सेवा प्रवाह, राहत तथा व्यवस्थापनका कार्यमा आवश्यक पर्ने प्राविधिक तथा व्यवस्थापकीय सहकार्यका लागि यस मन्त्रालय तथा मातहतका निकायसंग आवश्यकता अनुसार समन्वयका लागि अनुरोध छ। आगामी दिनमा बालीनाली तथा पशुपन्छीहरुमा देखिन सक्ने रोग-कीराहरुको प्रकोप नियन्त्रण गर्न तथा खाद्य पदार्थहरुको स्वच्छता सम्बन्धी जोखिमहरुको न्यूनीकरणका लागि मन्त्रालय मातहतका कृषि, पशुसेवा र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागसंग आवश्यक समन्वय तथा सहकार्यका लागि अनुरोध छ।

बिपद्का कारण बालीनाली, पशुपन्छी र कृषिउपजहरुमा भएको क्षतिसम्बन्धी विवरण संकलन गर्न प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयहरुलाई पत्राचार गरिएकाले सम्बन्धित जिल्लाका स्थानीय तहहरुले आवश्यक विवरण संकलन गरी प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय मातहतको जिल्लास्थित कार्यालयमा क्षति सम्बन्धी विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ।

मिति: २०८१।०६।१३

महानन्द जोशी
वरिष्ठ कृषि अर्थविज्ञ
(सुचना अधिकारी)